हेटौँडा पर्यटन वर्ष-२०८३ को प्रतीक चिह्न (लोगो) डिजाइन गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२१

हेटौँडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"हेटौँडा पर्यटन वर्ष २०८३"** मनाउने सन्दर्भमा यस उपमहानगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने उद्देश्यले "हेटौँडा पर्यटन वर्ष २०८३" को आधिकारिक प्रतीक चिह्न (लोगो) तयार गर्नुपर्ने भएको छ । तसर्थ, इच्छुक नेपाली नागरिक, कलाकार, डिजाइनर तथा सङ्घ/संस्थाहरूबाट देहायका सर्त तथा मापदण्डहरूको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सिलबन्दी रूपमा लोगो डिजाइन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

सर्त तथा मापदण्डहरू :

१. **विशिष्ट पहिचान झल्कनुपर्ने:** लोगोमा हेटौँडा नगरको प्राकृतिक सौन्दर्य, हरित नगर, धार्मिक सम्पदा, वन-वनस्पति, जैविक विविधता तथा पर्यटकीय सम्भावनालाई रचनात्मक र कलात्मक रूपमा साङ्केतिक प्रस्तुति गरिएको हुनुपर्नेछ ।

२. **नयाँ र मौलिक हुनुपर्ने:** लोगो पूर्ण रूपमा नयाँ, मौलिक र अप्रकाशित हुनुपर्नेछ । अन्य कुनै व्यक्ति, संस्था वा निकायको लोगो वा प्रतीक चिह्नसँग हुबहु वा आंशिक रूपमा मिलेको/नक्कल गरिएको पाइएमा उक्त आवेदन स्वतः रद्द हुनेछ ।

३. **सामाजिक र राष्ट्रिय एकता अनुकूल:** कुनै पनि जातीय, धार्मिक, क्षेत्रीय वा सामाजिक साम्प्रदायिकतालाई प्रश्रय दिने वा राष्ट्रिय एकता र अखण्डतामा प्रतिकूल असर पार्ने सङ्केत वा प्रतीक प्रयोग गर्न पाइने छैन ।

४. **सङ्क्षिप्त व्याख्या संलग्न गर्नुपर्ने:** लोगोमा प्रयोग गरिएका रङ, रेखा, आकार र प्रतीकहरूको अर्थ तथा मर्म स्पष्ट पार्ने गरी १ (एक) पानामा नबढ्ने गरी सङ्क्षिप्त व्याख्यात्मक टिप्पणी (Concept Note) अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ ।

५. **पुरस्कार तथा सम्मान:** प्राप्त डिजाइनहरूमध्येबाट विषयविज्ञ टोलीको मूल्याङ्कनका आधारमा सर्वोत्कृष्ट छनोट हुने १ (एक) जना उत्कृष्ट डिजाइनरलाई उचित नगद पुरस्कार प्रदान गरिनेछ ।

६. **परिमार्जन तथा सर्वाधिकार:** छनोट भएको लोगोको सम्पूर्ण प्रतिलिपि अधिकार (Copyright) तथा प्रयोगको सर्वाधिकार हेटौँडा उपमहानगरपालिकामा निहित रहनेछ । कार्यपालिकाको सुझाव अनुसार आवश्यकता अनुसार लोगोमा आंशिक परिमार्जन गर्न प्रस्ताव कर्ता तयार हुनुपर्नेछ ।

पेश गर्ने प्रक्रिया र आवश्यक कागजातहरू :

क) प्रस्तावित लोगोको A4 साइजको उच्च गुणस्तरको हार्डकपी (Color Print) र सफ्टकपी पेनड्राइभ वा इमेल मार्फत (कम्तीमा 600 DPI भएको PNG/TIFF/Vector File AI/EPS/PDF) पेश गर्नुपर्नेछ ।

ख) सिलबन्दी खामको बाहिर स्पष्ट रूपमा **"हेटौँडा पर्यटन वर्ष २०८३ को लोगो डिजाइन प्रस्ताव"** भनी उल्लेख गरिएको हुनुपर्नेछ ।

ग) प्रस्ताव साथ आवेदकको नागरिकताको प्रतिलिपि, हालसालै खिचिएको १ प्रति पासपोर्ट साइजको फोटो, जैविक विवरण (Bio-data) तथा सम्पर्क नम्बर अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ ।

घ) आवेदन सूचना प्रकाशित भएको मितिले १५औँ दिनको कार्यालय समय (अपराह्न ५:०० बजे) भित्र यस उपमहानगरपालिकाको प्रशासन शाखामा बुझाइसक्नुपर्नेछ । (उक्त दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

हेटौँडा उपमहानगरपालिका